कर्णाली प्रदेश सरकार

# भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# कन्टिन्जेन्सी मार्ग दर्शन, २०७९

स्वीकृत मितिः २०७९/०२/१७

## कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी दिग्दर्शन, २०७९

विषय सूची

**परिच्छेद-१ कन्टिन्जेन्सी खर्च शीर्षक**

१.१ कन्टिन्जेन्सी खर्च शीर्षक

**परिच्छेद-२ कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रिया**

२.१ कन्टिन्जेन्सी रकम खर्च गर्ने सीमा

२.२ कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने

२.३ कन्टिन्जेन्सी रकम खर्च गर्न नसकिने

२.४ कन्टिन्जेन्सी रकमको अभिलेख राख्नुपर्ने

२.५ सुरपिवेक्षक तथा अन्य कर्मचारीको विवरण र पारिश्रमिक भुक्तानी

**परिच्छेद-३ विविध**

३.१ कन्टिन्जेन्सी खर्च योजना तयार गर्ने

३.२ मितव्ययीता कायम गर्नुपर्ने

३.३ प्रचलित कानूनको पालना गर्नुपर्ने

३.४ बाधा अड्काउ फुकाउने

देवराज गिरौला
सचिव

कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को परिच्छेद-१ को बुदँ नं. १.३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसूची १ को द्रष्टव्य (ग) मा भएको व्यवस्था अनुसार मन्त्रालय मार्फत कार्यान्वयन हुने सार्वजनिक निर्माण सम्बन्धी कार्य, मन्त्रालय मातहतका निर्देशनालय र कार्यालयबाट संचालन हुने निर्माण कार्यसँग सम्बन्धित आयोजना कार्यान्वयन गर्दा लागत अनुमानमा व्यवस्था भए बमोजिमको कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई थप पारदर्शी, मितव्ययी, औचित्यपूर्ण र व्यवस्थित बनाउन भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालयले यो दिग्दर्शन बनाएको छ।

यो दिग्दर्शन भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालयले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

## परिच्छेद- १
## कन्टिन्जेन्सी खर्च शीर्षक

### १.१ कन्टिन्जेन्सी खर्च शीर्षकः

कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खर्च गर्नको लागि देहाय बमोजिमको शीर्षक निर्धारण गर्नु पर्नेछः-

(क) वर्क चार्ज स्टाफ खर्चः

यस शीर्षकबाट देहाय बमोजिमको कार्यमा मात्र खर्च गर्न सकिनेछः-

(१) भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय वा मातहत निर्देशनालय र कार्यालयहरु मार्फत कार्यान्वयन हुने सार्वजनिक आयोजना निर्माण कार्यको सुपरीवेक्षण, सञ्चालन तथा संरक्षणका लागि आवश्यक अस्थायी प्रकृति (ज्यालादारी) को जनशक्ति व्यवस्थापन,

(२) विवाद समाधान सम्बन्धी काममा हुने परामर्श सेवाको खर्च,

(३) खरिदसँग सम्बन्धित कार्यको लागि तत्काल कुनै अध्ययन वा परामर्श सेवा लिन आवश्यक भएमा त्यस्तो सेवाको खर्च।

(ख) अन्य सानातिना खर्चः

यस शीर्षकबाट देहाय बमोजिमको काम वा विषयमा खर्च गर्न सकिने छः-

(१) सम्बन्धित निर्माण कार्य सम्बन्धी बोलपत्र वा प्रस्ताव तयारी खर्च,

(२) सूचना प्रकाशन खर्च,

(३) सम्बन्धित आयोजनाको सुपरिवेक्षणमा हुने इन्धन खर्च तथा दैनिक भ्रमण भत्ता खर्च,

(४) सवारी साधन मर्मत सम्भार र सवारी साधन भाडा,

देवराज विरोला
सचिव

(५) भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय वा मातहत निर्देशनालय र कार्यालयहरु मार्फत कार्यान्वयन हुने सार्वजनिक आयोजनाको लागि आवश्यक दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधन मेशिनरी तथा निर्माण कार्यमा प्रयोग हुने आवश्यक सुरक्षा उपकरण यन्त्र लगायतका कार्यालयलाई आवश्यक पर्ने फर्निचर फिक्चर, स्टेशनरी खरिद,

तर चार पाङ्ग्रे सवारी साधनको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र खर्च गर्नुपर्नेछ।

(६) टेलिफोन, विद्युत तथा पानी महसुल खर्च,

(७) बोलपत्र मूल्याङ्कन तथा आयोजनासँग सम्बन्धित बैठक, प्रस्तुतिकरण सँग सम्बन्धित खर्च,

(८) अतिथी सत्कार तथा भवन उद्घाटन खर्च,

(९) निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च,

(१०) विविध खर्च,

## परिच्छेद २

## कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रिया

### २.१ कन्टिन्जेन्सी रकम खर्च गर्ने सीमा:

भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय वा मातहत निर्देशनालय र कार्यालयहरु मार्फत कार्यान्वयन हुने सार्वजनिक आयोजनाको स्वीकृत लागत अनुमानको बढीमा चार प्रतिशत बराबरको रकम मात्र खर्च गर्न योग्य कन्टिन्जेन्सी रकम हुनेछ। रकमको गणना मूल्य अभिबृद्धि कर वाहेकको लागत अनुमानको आधारमा गर्नु पर्नेछ।

### २.२ कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने:

खरिद सम्झौता हुन बाँकी रहेको वा खरिद सम्झौता भएको तर कार्य प्रारम्भ भइ नसकेको अवस्थामा पनि सो खरिद व्यवस्थापनको लागि यो दिग्दर्शन बमोजिमको कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ।

### २.३ कन्टिन्जेन्सी रकम खर्च गर्न नसकिने:

बहुवर्षीय खरिदको सम्बन्धमा चालु आर्थिक वर्षको लागि विनियोजन भएको रकमबाट खर्च हुने रकमको अनुपातको आधारमा कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ। कुनै आर्थिक वर्षमा खर्च रकमको अनुपात भन्दा बढी कन्टिन्जेन्सी रकम खर्च गर्नु हुदैंन।

### २.४ कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नु पर्ने:

यस दिग्दर्शन बमोजिम भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय वा मातहत निर्देशनालय र कार्यालयहरु मार्फत कार्यान्वयन हुने सार्वजनिक प्रत्येक निर्माण आयोजनामा खर्च भएको

देवराज जिरौला
सचिव

कन्टिन्जेन्सी रकमको अभिलेख अनुसूची बमोजिमको ढाँचामा राखी नापी कितावमा समेत अद्यावधिक रुपमा प्रविष्ट गर्नुपर्नेछ।

२.५ सुपरीवेक्षक तथा अन्य कर्मचारीहरुको विवरण र पारिश्रमिक भुक्तानी:

सुपरिवेक्षक तथा अन्य कर्मचारीहरुको विवरण र पारिश्रमिक देहायको आधारमा भुक्तानी गर्नुपर्नेछ।

(१) भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय वा मातहत निर्देशनालय र कार्यालयहरु मार्फत कार्यान्वयन हुने सार्वजनिक निर्माण कार्यको लागि दैनिक सुपरिवेक्षणमा खटिएका सुपरिवेक्षक तथा अन्य कर्मचारीहरुको वैयक्तिक तथा अन्य विवरण प्रत्येक खरिद कार्यको लागि अलग-अलग तयार गरी राख्नु पर्नेछ। उक्त विवरण एक आर्थिक वर्षमा एकपटक अनिवार्य रुपमा सम्बन्धित श्रेस्तामा राख्नु पर्नेछ। यसरी विवरण तयार गर्दा निजको नाम, ठेगाना, फोन नंबर खुलेको निवेदन, नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यता वा तालिमको प्रमाणपत्र अनिवार्य रुपमा राख्नु पर्नेछ।

(२) यस दिग्दर्शन बमोजिम राखिएको व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा निजको बैंक खाता मार्फत गर्नु पर्नेछ।

## परिच्छेद- ३

## विविध

३.१ कन्टिन्जेन्सी खर्च योजना तयार गर्ने:

भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय वा मातहत निर्देशनालय र कार्यालयहरु मार्फत कार्यान्वयन हुने प्रत्येक सार्वजनिक आयोजनाको कुल कन्टिन्जेन्सी रकमबाट कुन शीर्षकमा के-कति खर्च हुने हो सो को समेत अनुमानित कन्टिन्जेन्सी खर्च योजना तयार गरी मन्त्रालय/निर्देशनालय/कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ।

३.२ मितव्ययिता कायम गर्नु पर्ने:

कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कन्टिन्जेन्सी रकम मितव्ययी रुपमा खर्च गर्नु पर्नेछ।

३.३ प्रचलित कानूनको पालना गर्नु पर्ने:

यस दिग्दर्शन बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा प्रचलित कानून पालना गर्नु पर्नेछ।

३.४ बाधा अड्काउ फुकाउने:

यस दिग्दर्शनको कार्यान्वनको सम्बन्धमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यसको बाधा अड्काउ फुकाउन सक्नेछ।

देवराज गिरौला
सचिव

## अनुसूची
(दफा ३ सँग सम्बन्धित)

<table>
<tr><td colspan="17">कर्णाली प्रदेश सरकार</td></tr>
<tr><td colspan="17">भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय</td></tr>
<tr><td colspan="17">........................ कार्यालय</td></tr>
<tr><td colspan="17">कन्टिन्जेन्सी खर्चको विवरण</td></tr>
<tr><td colspan="4">आयोजनाको नाम</td><td colspan="4">ठेक्का वा सम्झौता नं.:</td><td colspan="4">कार्यक्रम स्थल.:</td><td colspan="3">जिल्ला</td><td colspan="2">प्रदेश</td></tr>
<tr><td colspan="4">बजेट उप शीर्षक नं.:</td><td colspan="4">लागत अनुमान (मु.अ.क. बाहेक).:</td><td colspan="4">सम्झौता (मुअ.क. बाहेक).:</td><td colspan="3">गा.पा./न.पा.</td><td colspan="2">वडा नं.</td></tr>
<tr><td colspan="9">स्वीकृत कन्टिन्जेन्सी रकम (अंकमा)</td><td colspan="8">(अक्षरमा)</td></tr>
<tr><td rowspan="3">मिति</td><td rowspan="3">गो. भौ. नं.</td><td rowspan="3">खर्चको ब्यहोरा</td><td rowspan="3">गत आ व सम्मको कूल कन्टिन्जेन्सी खर्च</td><td colspan="12">यस आ.व. को कन्टिन्जेन्सी खर्च</td><td rowspan="3">यो वर्ष सम्मको कन्टिन्जेन्सी खर्च</td></tr>
<tr><td colspan="3">वर्क चार्ज</td><td colspan="8">सानातिना खर्च</td><td rowspan="2">जम्मा कन्टिन्जेन्सी खर्च</td></tr>
<tr><td>मस्टरोल (डोर हाजिरी) ज्याला</td><td>परामर्श सेवा</td><td>अन्य</td><td>इन्धन तथा दैनिक भ्रमण भत्ता खर्च</td><td>स्टेशनरी, छपाइ, सुचना प्रकाशन आदि</td><td>मर्मत संभार खर्च</td><td>टेलिफोन, विधुत, पानी</td><td>सवारी साधन, उपकरण, यन्त्र खरिद तथा भाडा खर्च</td><td>वोलपत्र मूल्याङ्कन लगायत अन्य बैठक वापतको खर्च</td><td>अतिथी सत्कार तथा भवन उदघाटन</td><td>विविध खर्च</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

देवराज निरौला
सचिव